## गोलबजार नगरपालिका

# गोलबजार नगर कार्यपालिकाको कार्यालय

## गोलबजार, सिरहा

प्रदेश नं.२, नेपाल

☎०३३-५४००९९
ईमेल:golbazarmun@gmail.com

प.स. २०७५/७६
च.नं. १६८३
मिति:२०७५/१२/२१

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार,सिरहा २ नं.प्रदेश नेपाल

**श्री सवै वडाकार्यालयहरु**
गोलबजार नगरपालिका
गोलबजार, सिरहा ।

**विषय : जन्मको आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिको सन्तानहरुको नागरिकता वितरण सम्वन्धमा ।**

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय सिरहाको प.स. २०७५/०७६ च.नं. ६४३४ मिति २०७५/१२/२० गतेको प्राप्त पत्राअनुसार गृह मन्त्रालय, नागरिकता तथा राष्ट्रिय परिचय पत्र व्यवस्थापन शाखाको प.स. नाराप/०७५/०७६ , च.नं. ५८३, मिति २०७५/१२/१९ गतेको पत्रमा जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र दिने सम्वन्धमा निर्देशन प्राप्त भए बमोजिम नेपालको संविधान, नेपाल नागरिकता ऐन २०६३, नेपाल नागरिकता नियमावली २०६३ तथा नेपाल नागरिकता प्रामण पत्र वितरण कार्यविधि निर्देशिका २०६३ ले तोकेको कार्यविधि अनुसार नेपाली नागरिकताको प्रमाण पत्र वितरण हुने भएकोले तहाँ वडा कार्यालयबाट सिफारिस गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखि रीतपूर्वक भरिएको अनुसूचि फारम सहित सिफारिस गर्न अनुरोध गरिन्छ ।

**तपसिलः**

१. नेपाली नागरिकता प्राप्तीको लागि वडा अध्यक्ष बाट प्रमाणित भएको १ नं. अनुसूचि फारम ।
२. बाबु र आमाको नेपाली नागरिकता प्रमाणपत्रको सक्कल तथा सो को छायाँप्रति ।
३. सम्वन्धित निवेदकको सक्कल जन्मदर्ताको प्रमाण ।
४. अध्ययन गरेको भए शैक्षिक योग्यताको प्रमाण पत्र को सक्कल तथा सो को छायाँप्रति ।
५. बाबु वा आमाको नाउँमा रहेको जग्गाधनी प्रमाण पूर्जाको सक्कल र छायाँप्रति ।
६. परिवारिक विवरण सहितको स्थायी बसोवास स्थान खुलेको वडा कार्यालयको सिफारिस पत्र ।
७. सनाखत गर्ने र निवेदक विचको नाता प्रमाणित र सनाखत सिफारिस पत्र ।
८. विवाहित महिलाको हकमा निजको बाबुको नागरिकताको किसिम जन्मको आधारमा जारी भएको भए उल्लेखित कागजातहरुका अतिरिक्त निवेदकले विवाह दर्ताको प्रमाण पत्र, जन्म तथा बसोवास प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ ।

रामनारायण महतो